# खण्ड एक : भूमिका

## १.१ पृष्ठभूमि

नेपालका धेरैजसो नगरपालिकाहरू सहरी सेवा सुविधा, सडक सञ्जाल, सुरक्षित खानेपानी, सरसफाइ, फोहोर-मैलाको उचित प्रबन्ध, सामाजिक पूर्वाधार तथा मनोरञ्जनात्मक सुविधा जस्ता पूर्वाधारबाट वञ्चित छन्। सहरीकरणका विविध बहिर्भावहरूबाट प्रभावित यस्ता नगरपालिकाहरू विविध वातावरणीय चुनौतीहरूसँग पनि जुधिरहेका छन्। धेरैजसो खोला-नालाहरू, समथल भूमि, ताल एवम् पोखरी जस्ता जलाशयहरू अनियन्त्रित विकासका कारण एकातिर तीव्र अतिक्रमित हुँदै गइरहेका छन् भने अर्कोतिर यस्ता क्षेत्रहरूमा ढल, नाला एवम् फोहोर-मैलाको अव्यवस्थित मिल्काइले प्रदूषित समेत बन्दै गइरहेका छन्।

कतिपय ठूला नगरपालिकाहरूले धेरै अगाडिदेखि नै अव्यवस्थित यातायात, वायुको ह्रासोन्मुख गुणस्तर जस्ता कारणहरूले वातावरणीय ह्रासताको नतिजा भोगिसकेका छन्। आवासको लागि जंगल क्षेत्र, खोलाको बगर, सार्वजनिक जग्गालगायत ऐतिहासिक भवन जस्ता सार्वजनिक धरोहरमाथिको गैर-कानुनी अतिक्रमणले प्राकृतिक तथा मानव निर्मित वातावरणलाई प्रत्यक्ष रूपले नकारात्मक असर पुऱ्याइरहेको छ। आन्तरिक द्वन्द्वको परिणाम स्वरूप विस्थापित व्यक्तिहरूको सहरमुखी आगमनले समेत यस्ता गैर-कानुनी आवासको समस्या अझ भयावह रूपले थपिएको छ। एकातिर अव्यवस्थित सहरीकरणले खेतीयोग्य जमिनको ह्रास बढ्दो छ भने कतिपय सहरी क्षेत्रहरू स्व-रोजगारका अवसरहरू तथा खाद्य पर-निर्भरता निम्त्याउने कारक तत्त्वको रूपमा स्थापित हुँदै गइरहेका छन्। जनसङ्ख्या वृद्धिको उर्ध्वगति र आशातीत आर्थिक विकासका प्रतिफल बीच तालमेल नहुनुको परिणाम स्वरूप धेरै नगरपालिकाको लागि सहरी गरिबी प्रमुख चुनौतीका रूपमा स्थापित हुँदै गइरहेको छ। यसले नगरपालिकाहरूका विकास प्रयास बृहत्तर रूपमा कमजोर सावित भएका छन्।

नगरपालिकाका विकास प्रयासहरू योजनाबद्ध तथा समन्वयात्मकभन्दा पनि क्षणिक समस्या निराकरण गर्ने दिशातिर अघि बढेका देखिन्छन्। विशेषत: मानव-संशाधनप्रतिको कमजोर संस्थागत क्षमता, न्यून प्राविधिक तथा आर्थिक स्रोतहरू नै कमजोर प्रस्तुतीकरणको प्रमुख कारक तत्वको रूपमा रहेको पाइन्छ। समग्रमा, व्यवस्थित योजनाहरूको अभावले नगरपालिकाको कार्य असंयोजित क्रियाकलाप जस्तो हुन गएको देखिन्छ, जसले नगरपालिकाको विकास प्रयासहरू न्यून उपलब्धिमूलक र सीमित अवसरयुक्त सावित भएका छन्। नगरपालिकाका विगतको "एकीकृत कार्यमूलक योजना" (IAP:Integrated Action Planning) मूलत: भौतिक पक्षसँगमात्र लक्षित रहेको देखिन्छ। IAP ले केही नगरपालिकाहरूको भौतिक पक्षहरू सुधारोन्मुख गराए तापनि शिक्षा, स्वास्थ्य जस्ता कतिपय सामाजिक समस्याहरूमा भने यो न्यून उपलब्धिमूलक रह्यो। भौतिक र सामाजिक विकास बीचको गहिरो खाडल पुर्न असफल देखियो। विगतका प्रयासहरू सामाजिक समावेशिता, सहरी गरिबी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकास तथा परिचालन, नगरपालिकाको क्षमता अभिवृद्धि गर्ने जस्ता मूल मुद्दाबाट अलग रहेको पाइन्छ। परिमाणत: धेरै नगरपालिकाहरू समग्र विकासको अवधारणाका साथसाथै राष्ट्रिय विकासको मूल प्रवाहमा अहम् योगदान गर्नबाट चुकन गएको देखिन्छ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ले नगरपालिकाको योजनामा पुन: विचार गरी सीमितताबाट छुटकारा प्राप्त गरिनु पर्ने कुरामा जोड दिएको छ। ऐनले स्पष्ट रूपमा सहभागितात्मक विकासको आवश्यकता र नगरपालिकाको भौतिक विकासमा दीर्घकालीन सोचसँग सामञ्जस्यता राखी नगरपालिकाको आवधिक योजनामा विषयगत उद्देश्यहरू तथा कार्यक्रमहरूलाई समावेश गरिनु पर्ने कुरामा जोड दिएको छ। यस बाहेक आवधिक योजनाले वडास्तर भेलाबाट प्राप्त तत्काल सम्बोधन गरिनु पर्ने क्षेत्रका समस्यालाई निराकरण गर्ने र अल्पकालीन कार्ययोजनासँग पनि सामञ्जस्यता कायम गर्नु पर्ने व्यवस्था छ। त्यसै

गरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ले पनि ५ वर्षको कार्यतालिका समाविष्ट रहेको आवधिक योजना तथा योजना निर्माण र स्वीकृतिको प्रक्रिया समेतको आवश्यकताप्रति निर्दिष्ट गरेको छ ।

दसौं योजना (२००२-२००७) ले नगरपालिकाको आवधिक योजना (Periodic Plan) निर्माणको प्राथमिकता लगायत आवश्यकीय प्राविधिक सहयोगको समेत व्यवस्था गरेको छ । सन् २००२ मा स्थानीय विकास मन्त्रालयद्वारा **आवधिक योजना तयार गर्ने निर्देशिका** समेत तयार तयार भएको छ । यद्यपि अधिकांश नगरपालिकाले आफ्नो आवधिक योजना तर्जुमाको थालनी उक्त निर्देशिकाको भावनाअनुरूप पूर्णत: पालना गरेको भेटिदैन । पछिल्लो समयमा **सहरी विकास तथा भवन निर्माण विभाग** (स.वि.तथा भ.नि.वि, DUDBC: Department of Urban Development and Building Construction) ले स्थानीय विकास मन्त्रालय, जर्मन संस्था GTZ/UDLE (Urban Development through Local Efforts) तथा सम्बन्धित नगरपालिकासँग मिलेर नगरपालिकाको आवधिक योजना तयार गर्ने प्रयासको थालनी गरेको छ ।

विभिन्न संस्थाहरूका असंयोजित प्रयासहरूका साथसाथै संस्थागत विशेषीकृत स्वार्थहरूप्रतिको झुकावले नगरपालिकासँग आबद्ध कर्मचारीहरूमा चेतना जगाउने कार्य लगायत आवधिक योजना तर्जुमाको महत्त्व समेतलाई कम गराएको छ । एकातिर सीमित तथा असंरचित आर्थिक प्रयासले धेरै नगरपालिकाहरूका कार्यक्रमहरू प्रभावित छन् भने अर्कोतिर मौजुदा सीमितताले आवधिक योजना कार्यक्रमको थालनी, संस्थाहरू बीच वृहत्तर संयोजन तथा सहकार्यलाई अभियानको रूपमा अगाडि लैजानु पर्ने आवश्यकता समेतलाई बोध गराइदिएको छ । आवधिक योजनाको अभावमा विषयगत लगानी माथि संयोजन गर्न समस्या उब्जिएको छ, जसले नगरपालिका क्षेत्रको विकासमा समेत अवरोध सिर्जना गरेको छ ।

यस परिप्रेक्ष्यमा एउटा दीर्घकालीन नीतिको प्रारम्भ गर्ने नीति स्वरूप सहरी विकास तथा भवन निर्माण विभागले नगरपालिका क्षेत्रको वर्तमान जन-जीवनलाई उच्च गुणस्तरतर्फ अभिमुख गर्न आवधिक योजनाको तर्जुमा गरी नियोजित विकास गर्न आर्थिक तथा प्राविधिक सहयोगहरू उपलब्ध गराइरहेको छ । आर्थिक वर्ष २०६४/६५ देखि नगरपालिकाहरूको आवधिक योजनाको प्रचारप्रसार र तर्जुमा समेत गर्नमा स.वि.तथा भ.नि.वि, जर्मन गैसस जी.टी.जेड.को यु.डि.एल.ई कार्यक्रम, नेपाल नगरपालिका सङ्घ, स्थानीय विकास मन्त्रालय तथा नगरपालिकाहरू बीच आपसी सहकार्य भइरहेको छ । नगरपालिकाहरूको आवधिक योजना तर्जुमाको लागि कुशल परामर्श दातृ संस्थाको चयन गर्ने क्रममा सिद्धार्थनगर नगरपालिका (सि.न.पा.)को आवधिक योजना तर्जुमा गर्न मिति २०६७ साल वैशाख २६ गते स.वि.तथा भ.नि.वि र **ए-नट आर्किटेक्चर एन आर्किटेक्टस्** बीच सम्झौता भयो ।

## १.२ विगतका योजनाहरूको पुनरावलोकन

सिद्धार्थनगर नगरपालिकामा यस आवधिक योजना आउनुपूर्व पनि यस नगरपालिकालाई योजनाबद्ध रूपमा विकास गर्दै लैजान नगरपालिका स्तरीय, केन्द्र स्तरीय प्रयासका साथै विदेशी दातृ संस्थाबाट पनि समय-समयमा विभिन्न प्रयासहरू भएको देखिन्छ । केन्द्रीय स्तरमा सहरी विकास तथा भवन निर्माण विभागले सिद्धार्थनगरको व्यवस्थित विकासको दीर्घकालीन सोच राखी सर्वप्रथम वि.सं २०३७ मार्गमा भौतिक विकास परियोजना तयार गरी प्रस्तुत गरिएको योजनालाई २०४२ सालमा मात्र तत्कालीन श्री ५ को सरकारबाट स्वीकृति प्राप्त भएको थियो । यसको सात वर्षपछि यस परियोजनालाई प्रतिस्थापन गर्न २०४४ सालमा अर्को भौतिक विकास योजना (Structure Plan 1987-2002) विश्व बैंक/ यु.एन.डी.पी.को सहयोगमा एम.एस.टी.पी.प्रोजेक्ट अन्तर्गत विभागले तयार गरी नगरपालिकामा पेस गरेको थियो । योजना तयार गर्ने क्रममा गत २/३ वर्ष अगाडि साथै विदेशी दातृ संस्थाबाट पनि समय एस्क्यापको सहयोगमा सिटीनेट (City Net) अन्तर्गत श्रीलंकाका योजनाविद्हरूले यसरी नगरपालिकाको पछिल्लो अवधारणात्मक योजना (Conceptual Plan) तयार गरेको देखिन्छ । त्यसपछि २०५५ सालमा सहरी विकास तथा भवन निर्माण विभागले स्थानीय प्रयासद्वारा सहरी विकास परियोजना (UDLE/GTZ) तथा सिद्धार्थनगर नगरपालिकाको सहयोगमा एकीकृत कार्यमूलक योजना तयार गरेको देखिन्छ ।

यी विभिन्न योजना सम्बन्धी दस्तावेजमा भएका मूलभूत कुराहरूलाई सङ्क्षेपमा तल विवेचना गर्ने प्रयास गरिएको छ ।

### १.२.१ सिद्धार्थनगर भौतिक विकास परियोजना (प्रस्तावना)

२०३७ मा तयार गरेको भौतिक विकास परियोजनाले भौतिक विकास परियोजनाका आधारभूत समस्याहरूमा अनियन्त्रित सहरी विकास, ट्रक पार्किङ तथा बस बिसौनीको समस्या, आवासको कमी वा समस्या, सार्वजनिक सेवाहरूमा कमी र पार्क तथा खेलकुद मैदानको आवश्यकता आदि औंल्याएको थियो ।

यस योजनाले भित्री चक्रपथ र बाहिरी चक्रपथ गरी निर्माण गर्ने परिकल्पना गर्नुको साथै भौतिक विस्तार दक्षिण र दक्षिण पश्चिममा नगरी केवल उत्तर पूर्व र उत्तर पश्चिम भई उत्तरी क्षेत्रमा गरिने नीति लिएको देखिन्छ । कृषि फार्मदेखि उत्तरमा एक ग्रिन बेल्ट राख्ने प्रस्ताव गरिएको थियो । यसको साथै लुम्बिनी सडकदेखि ४०० मिटर उत्तर दक्षिणमा हवाई मैदानसम्म ग्रिन बेल्ट कायम गर्ने हवाई मैदानको चारैतर्फ रहेको ग्रामीण तथा हरियाली क्षेत्र संरक्षण गर्ने पनि नीति लिएको थियो ।

भू-उपयोग नियम कार्यान्वयन गर्नको लागि सम्पूर्ण भू-क्षेत्रलाई आवासीय तथा व्यापारिक क्षेत्र, आवासीय क्षेत्र, शैक्षिक क्षेत्र, सरकारी कार्यालय क्षेत्र, औद्योगिक क्षेत्र, कृषि क्षेत्र, खुल्ला क्षेत्र, सुरक्षित हरियाली क्षेत्र, संरक्षित प्राकृतिक उद्यान क्षेत्र, बस बिसौनी आदि विभिन्न भू-उपयोग क्षेत्रहरूमा विभाजन गरिएको थियो । यसका साथै व्यवस्थित सहरी विकासको लागि तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन चरणबद्ध गरी विभिन्न किसिमका योजनाहरू पनि प्रस्तावित गरिएका छन् ।

### १.२.२ स्ट्रक्चर प्लान (Structure Plan)

१९८७ मा एम.एस.यू.डी.द्वारा तयार गरिएको स्ट्रक्चर प्लानले सन् २००२ अवधिसम्मका लागि सहरी विस्तार प्रस्ताव गरेको छ । वर्तमान भू-उपयोग योजनासँग दाँज्दा बसोबासको विकास केही (जसलाई अहिले गल्लामन्डी भनिन्छ) तर्फको विस्तार स्ट्रक्चर प्लानले प्रस्ताव गरेअनुसार आवश्यक मापदण्डको नभए पनि केही नयाँ सडकहरू बनेका छन् । यसरी न्यून बसोबास क्षेत्रमात्र स्ट्रक्चर प्लानले प्रस्ताव गरेको भन्दा विपरीत गएको देखिन्छ ।

सन् १९८८ र १९९८ बिचको अवधिमा सहरी बनावटलाई दाज्ने हो भने, सहरी विस्तार वडा नं. ६, ७, ८, ९ को सहरी क्षेत्रको वरिपरि भएको स्पष्ट देखिन्छ । वडा नं. ३, ४, र १२मा पनि केही मात्रामा विस्तार भएको देखिन्छ । यसरी यी क्षेत्रहरूलाई प्राथमिक र दोस्रो चरणको विस्तार क्षेत्रको रूपमा पहिचान गरिएको छ ।

स्ट्रक्चर प्लान माथिदेखि तलको विचारधाराबाट तयार गरिएको थियो र योजना प्रक्रियामा स्थानीय जनतालाई सहभागी गराइएको थिएन । यसमा तयार गरिएको विस्तृत प्रक्रिया र कार्यान्वयन समय तालिका पनि उल्लेख गरिएको छैन । यस योजनाले विकास योजना सञ्चालन गर्नको लागि आवश्यक पर्ने नगरपालिकाको आर्थिक स्रोत पनि उल्लेख गरेको छैन ।

### १.२.३ सिटीनेटको विकास योजना (Development Plan by Citynet)

सिटिनेटद्वारा तयार पारिएको सिद्धार्थनगरको विकास योजना निम्नलिखित कुराहरूमा आधारित छ :

- पहिलेका योजना र प्रतिवेदनको अध्ययन,
- स्थानीय जनता र स्थानीय अधिकारीहरूसँग सङ्क्षिप्त छलफल,
- स्थलगत भ्रमण ।

यस योजनाले नगरपालिकाको प्रमुख समस्याहरू पहिचान र समाधानका सम्भावित उपायहरू प्रस्ताव गरेको छ, जसमध्ये केही प्रस्तावहरू नगरको स्थानीय परिप्रेक्ष्यमा सम्भव देखिँदैन । यस योजनाले नगरपालिकामा

पर्यटन सम्भाव्यता भए तापनि अहिलेसम्म विकास नभएको भन्ने उल्लेख गरेको छ । नगरको लागि खेलकुद प्रतिष्ठान र डन्डा नदीमा पार्कको विस्तृत डिजाइन र योजना प्रस्ताव गरेको छ । भित्री र बाहिरी चक्रपथको विचार अघि सारेको छ, तर कुनै प्रकारको पिरुलड सर्भे भएको छैन । प्राप्त हुन सक्ने सीमित आर्थिक स्रोतको कुनै उल्लेख नभएकोले यी योजनाहरूको कार्यान्वयनको सम्भाव्यतामा प्रश्नचिन्ह रहन गएको छ ।

### १.२.४ एकीकृत कार्यमूलक योजना

एकीकृत कार्यमूलक योजनाका सम्पूर्ण उपलब्धिहरूलाई प्रतिवेदन “क” र “ख” गरी दुई भागमा बाँडभाँड गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । नगरपालिकाको भौतिक तथा वातावरणीय विकास योजना, बहुक्षेत्रगत लगानी योजना आदि सहितको विश्लेषणात्मक प्रतिवेदन “क”लाई छ परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ भने यसै प्रतिवेदनको विभिन्न परिच्छेदसँग सम्बन्धित थप जानकारी, वर्णन एवम् तथ्याङ्कहरूलाई यसै प्रतिवेदनको अनुसूचीमा सारिएको छ । यसरी नै एकीकृत कार्यमूलक योजनाको प्रतिवेदन “क”सँग सम्बन्धित सम्पूर्ण नक्साहरूलाई प्रतिवेदन “क” नक्सा/चित्रको रूपमा प्रस्तुत गरिएको छ ।

आगामी पाँच वर्षभित्रमा विभिन्न वडाहरूमा कार्यान्वयन गर्नुपर्ने विस्तृत विवरण सहितको साना, ठुला सम्पूर्ण योजना तथा कार्यक्रमको लगत प्रतिवेदन “ख”मा प्रस्तुत गरिएको छ ।

एकीकृत कार्यमूलक योजनाको विधि तथा दृष्टिकोण, प्रतिवेदनको प्रस्तुतीकरणको साथै सिद्धार्थनगर नगरपालिकामा यो योजना कहिले सञ्चालन गरिएको थियो भन्ने जानकारी यस प्रतिवेदनले दिन्छ ।

सिद्धार्थनगर नगरपालिकासँग सम्बन्धित जानकारीका साथै विकासका सम्भाव्यता, जनसङ्ख्या प्रक्षेपण, विगतका योजनाहरूको पुनरावलोकन तथा नगरको योजनासँग सरोकार राख्ने सवालहरू र समस्याहरू यसमा वर्णन गरिएको छ ।

भौतिक योजनाको अन्तिम योजनाको अन्तिम लक्ष्य तथा उद्देश्यबारे चर्चा गर्नुको साथै भौतिक विकासका बाधा तथा अवसरहरू केके हुन्, भावी सहरी विकास कतातर्फ लैजाने हो आदि बारे प्रकास यसमा पारिएको छ ।

नगरको सुनियोजित विकासको लागि आवश्यक पर्ने सडक अधिकार क्षेत्र नियमावली, भवन निर्माण नियमावली र भू-उपयोग नियमावलीको उल्लेख गरिएको छ ।

नगरपालिकाको वित्तीय स्थिति, आय-व्यय प्रक्षेपण, स्रोत तथा संस्थागत विश्लेषणको साथै वडा स्तरीय, नगर स्तरीय योजनाहरूको जानकारी पनि यसमा गरिएको छ । आगामी पाचँ वर्षभित्र नगरपालिकाले कार्यान्वयन गर्नुपर्ने लगानी कार्यक्रमको व्याख्या पनि यसमा गरिएको छ ।

योजना कार्यान्वयनका लागि चाल्नुपर्ने मुख्य-मख्य कदमहरू जस्तो भौतिक तथा वातावरणीय विकास योजना, बहुक्षेत्रगत लगानी योजना, नीति नियम मापदण्डको कार्यान्वयन, संस्थागत सुदृढीकरण आदि जस्ता महत्त्वपूर्ण कार्यहरूलाई यसमा विवेचना गरिएको छ ।

## १.३ आवधिक योजनाको परिचय

### १.३.१ परिभाषा

नगरको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज नगरपालिकाको आवधिक योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, सिद्धान्त, रणनीति र कार्यनीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिएको छ ।

### १.३.२ नीतिगत र कानुनी व्यवस्था

स्थानीय निकायहरूको जिम्मेवारी पूरा गर्न क्षमता अभिवृद्धिमा जोड दिने र ती निकायहरूलाई स्थानीय विकासको प्रमुख एकाइका रूपमा विकास गरी जन-उत्तरदायी बनाउने नीति दसौं योजनाको रहेको छ । उक्त नीति हासिल गर्न प्रयोजनका लागि आवधिक योजनाले ठोस सहयोग पुऱ्याउने देखिन्छ । यस सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन २०५५को दफा १११(१) ले प्रत्येक नगरपालिकाले आवधिक योजना बनाउनु पर्ने अनिवार्य व्यवस्था गरी आवधिक योजनामा समेट्नु पर्ने देहायबमोजिमका विषयहरू उल्लेख गरेको छ :

(क) नगरको भौगोलिक, आर्थिक एवम् प्राकृतिक सम्पदाहरूको वर्तमान उपयोग ।

(ख) विभिन्न क्षेत्रमा तुलनात्मक लागत एवम् लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरू ।

(ग) पिछडिएका जन-जातिहरू एवम् गरिबी भएको क्षेत्र तथा त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरू ।

(घ) महिला र बाल-बालिकाको लागि आयमूलक र सीपमूलक कार्यहरू ।

(ङ) सम्पन्न भएका विभिन्न विषय क्षेत्र अन्तर्गतका आयोजनाहरूको विवरण र तिनीहरूको सञ्चालन तथा सम्भार सम्बन्धी व्यवस्था ।

(च) विकासका सम्भावनाका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालीन एवम् दीर्घकालीन विकास कार्यहरू ।

(छ) स्थानीय बासिन्दाबाटै तयार गरिनु पर्ने विभिन्न विषय क्षेत्रका जनशक्ति विकास सम्बन्धी योजना ।

त्यसै गरी, स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १३५(१)ले आवधिक योजना बनाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था उल्लेख गरेको छ :

(१) ऐनको दफा १११को उपदफा (६) बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रको विकासका लागि कम्तीमा पाँच वर्षको आवधिक योजना तर्जुमा गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम तर्जुमा गरिने आवधिक योजनामा योजनाको दीर्घकालीन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी नगर क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, स्रोत परिचालन तथा आय आर्जनका सम्भावना, सरकारी एवम् निजी क्षेत्रको लागत सहभागिता लगायत नगरपालिकाले गर्ने काम समावेश भएको हुनुपर्ने छ ।

(३) आवधिक योजना तर्जुमा गर्दा विषयगत समितिसँग परामर्श गरी विषयगत क्षेत्रका कार्यक्रमलाई समावेश गरी अन्तिम रूप दिनुपर्ने छ ।

माथिको व्यवस्थाका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १११(७) अनुसार नगरपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरूलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी प्रत्येक नगर क्षेत्रको विकासको निमित्त नगर स्तरीय वस्तुगत तथ्याङ्क सङ्कलन गरी वस्तुस्थिति देखिने स्रोत, नक्सा तयार गर्नुपर्ने व्यवस्था ऐनको दफा ११२मा उल्लेख छ ।

### १.३.३ राष्टि्रय तथा जिल्ला आवधिक योजनासँगको सम्बन्ध

गाउँ र नगरको योजनाबद्ध विकासबाट नै राष्टि्रय विकास सम्भव हुन्छ । विकासका निम्ति स्थानीय बासिन्दाहरू नै योजनाकार र कार्यान्वियनकर्ता हुन् । राष्टि्रय योजना आयोगबाट तर्जुमा भएको निर्देशिकाको आधारमा जिल्लाको समग्र विकासका लागि अधिकांश जिल्लाहरूले आवधिक योजना तर्जुमा गरिसकेका छन् । राष्टि्रय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्नमा नगरपालिकाहरूको आवधिक योजनाले महत्वपूर्ण टेवा पुऱ्याउँछ । राष्टि्रय, जिल्ला र नगरपालिका स्तरका योजनाहरूको बीच आवश्यक समन्वय र अन्तर्सम्बन्ध हुनु जरुरी छ । त्यस्तो सम्बन्धले एकअर्का बीच तालमेल भई प्रभावकारिता कायम हुने र दोहोरोपन (Duplication) समेत हटाउन सहयोग गर्छ । नगरपालिकाको आवधिक योजना बनाउँदा नगरपालिकासँग जोडिएका गाउँ विकास समितिहरूको वार्षिक तथा आवधिक योजना तर्जुमा भएको भए त्यस्ता योजनाहरूलाई समेत हेर्नु पर्दछ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययन कार्यको उद्देश्य, स्थानीय विकास मन्त्रालयको आवधिक योजना तर्जुमा निर्देशिका २०५९ ले आवधिक योजनालाई परिभाषित गरेको "नगरको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न सिद्धान्त रणनीति र कार्यनीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिएको" भन्ने भावना अन्तर्गत रही **सिद्धार्थनगर नगरपालिकाको आवधिक योजना** तर्जुमा गर्नु रहेको छ ।

कार्यक्षेत्रगत सर्तहरू (TOR) मा उल्लेख भएअनुसार यस आवधिक योजना तर्जुमा अध्ययनको उद्देश्य निम्नानुसार छन् :

(क) स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ द्वारा निर्दिष्ट प्रावधानअन्तर्गत आवधिक योजना तर्जुमा निर्देशिका तथा स.वि. तथा भ.नि.वि.को आधिकारिक निकायद्वारा निर्देशित सि.न.पा.को आवधिक योजना निर्माण गर्ने ।

(ख) सि.न.पा.को दीर्घकालीन सोचअनुरूप विकास लक्ष्य प्राप्त गर्न दीर्घकालीन सोच प्रस्तुतीकरण र गुरुयोजनाको तर्जुमा गर्ने ।

(ग) सि.न.पा.को सर्वाङ्गीण विकासको उद्देश्य लिएको यस आवधिक योजनाअन्तर्गत भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरू र तदनुरूप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरू, बजेट निर्धारण तथा सरोकारवालाहरू (Stakeholders) को पहिचानलाई समेत समेटी अल्पकालीन, दीर्घकालीन एवम् सहभागितामूलक योजना तथा लगानी तयार गर्ने ।

### १.५ अध्ययन सीमा

आवधिक योजनामा समावेश हुने कतिपय विषयहरू कानुनी रूपमा नगरपालिकाको कार्यक्षेत्रमा पर्ने हुनाले नगरपालिकाको पूर्ण नियन्त्रण र निर्देशनमा सञ्चालन हुन सक्छन् भने कतिपय विषयहरूमा नगरपालिकाले पथप्रदर्शन मात्र गर्न सक्छ । त्यसैले नगरपालिकाको पूर्ण नियन्त्रणमा रहने क्षेत्रहरूको सन्दर्भमा आवधिक योजना विस्तृत रूपमा तयार गर्न सकिन्छ । त्यसअनुरूप वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वियन गर्नुपर्छ, तर नगरपालिकाको विकास कार्यक्रममा संलग्न गैर-सरकारी संस्था, सामुदायिक सङ्घ-संस्था र निजी क्षेत्रका कार्यक्रमका साथै केन्द्र, जिल्लास्तर तथा वैदेशिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमहरूलाई नगरपालिकाको आवधिक योजनाले नीतिगत आधार र प्राथमिकता तोकी निर्देशित मात्र गर्न सक्दछ । नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा राष्टि्रय योजना तथा क्षेत्रगत विकासका लागि राष्टि्रय रूपमा तयार गरिएका दीर्घकालीन योजना तथा राष्टि्रय नीतिहरूसँग मेल कायम गर्नुपर्ने हुन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६(१)ले निम्नानुसारका क्षेत्रका कामहरू नगरपालिकाहरूले अनिवार्य रूपमा गर्नु पर्ने गरी आवधिक योजनाको क्षेत्रलाई परिभाषित गरेको पाइन्छ :

(क) अर्थ,

(ख) भौतिक विकास,

(ग) जलस्रोत, वातावरण र सरसफाइ,

(घ) शिक्षा तथा खेलकुद विकास,

(ङ) संस्कृति,

(च) निर्माण तथा यातायात,

(छ) स्वास्थ्य सेवा र संक्रामक रोग नियन्त्रण,

(ज) समाज कल्याण,

(झ) उद्योग तथा पर्यटन

(ञ) विविध ।


नगरपालिकाले गर्ने उपर्युक्त कार्यहरूलाई आधार मानी आवधिक योजनामा यी सबै पक्षहरू समावेश हुनु पर्छ । नगरपालिकाको आवधिक योजना नगरपालिका क्षेत्रको विकासको समग्र पक्षहरूलाई समेटेको हुनु पर्दछ । त्यसैले Spatial योजनाको विशेषताहरूलाई समेटी तयार गरिएको बहुविषयगत आवधिक योजनाको एकीकृत स्वरूपका सम्बन्धमा स्पष्ट धारणा बनाएर मात्र योजना तर्जुमा गर्नेतर्फ अग्रसर रहनु पर्दछ ।

यस अध्ययन कार्यले प्रस्तुत गरेका दस्तावेजहरू निम्नानुसार छन् :

- नगर पार्श्वचित्र
- सबल/दुर्बल तथा चुनौती/अवसरको पहिचान एवम् विश्लेषण
- नगरको दीर्घकालीन सोचअनुरूप भौतिक विकास गुरुयोजना तर्जुमा
- भौतिक विकास तथा पूर्वाधार, वातावरण, सामाजिक, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरूसँग सम्बद्ध विषयतगत दीर्घकालीन सोचअनुरूप तर्कबद्ध प्रणालीमा आधारित लक्ष्य, उद्देश्य, नतिजा तथा कार्यक्रमहरूको पहिचान
- बहुक्षेत्रगत लगानी योजना
- कार्यान्वयन रणनीति सुझाव तथा अनुगमन

## १.६ अध्ययन विधि

आवधिक योजना तयार गर्दा अपनाइने विस्तृत प्रक्रियाको चित्राङ्कन चित्र नं १.१ मा प्रस्तुत गरिएको छ ।




चित्र नं. १.१ आवधिक योजना तर्जुमा प्रक्रिया

### १.६.१ पूर्व तयारी

(क) आवधिक योजना तर्जुमा प्रक्रिया अगाडि बढाउनु पूर्व सि.न.पा. कार्यालयका कर्मचारीहरूलाई योजना तर्जुमा प्रक्रिया सम्बन्धी अभिमुखीकरण गर्ने र प्राप्त जानकारी कर्मचारी मार्फत् नगरवासी एवम् सरोकारवालासम्म पु¥याउने हेतुले मिति २०६७/०२/१९ गते नगरपालिकाको कार्यालय भवनमा परामर्शदाता ए-नट आर्किटेक्चर एन आर्किटेक्टसका टोली प्रमुख/सहरी योजनाविद् बटुककृष्ण पराजुली, अर्थशास्त्री राम सत्याल एवम् प्रतिनिधिद्वारा न.पा कार्यालयका कार्यकारी अधिकृत एवम् नगर प्रमुख, योजना महाशाखा प्रमुख, लेखा अधिकृत, प्रशासकीय अधिकृत, इन्जिनियर, सव-इन्जिनियर, वातावरण तथा फोहर-मैला शाखा प्रमुख र अन्य शाखागत कर्मचारीहरू समक्ष प्रस्तुतीकरण गर्ने कार्यक्रम सम्पन्न गरिएको छ । यस क्रममा नगरपालिकाका प्रतिनिधिहरूबाट प्रस्तुत जिज्ञासाहरूलाई समेत सम्बोधन गरिएको छ । उक्त बैठकबाट निम्नलिखित निर्णयहरू पारित गरियो ।–

(१) सिद्धार्थनगर नगरपालिकाको आवधिक योजना तर्जुमा विषयमा छलफल गरियो ।

(२) २०५५ सालको VISION लाई पुन: विचार गरिने । सो VISION परिपूर्तिको लागि कति उपलब्धि भयो र सो VISION को पुन: मूल्याङ्कन गरी नयाँ आवधिक योजनामा समावेश गर्ने ।

(३) राजनीतिक दल, बुद्धिजीवी, Line Agencies, उद्योग व्यापार सङ्घसँग सम्बन्धित सङ्घ-सस्थाहरूसँग फरक-फरक अन्तरक्रिया कार्यक्रम गरी आवधिक योजनाबारे छलफल गरी नगर भेला आयोजना गर्ने र निर्देशक समितिको गठन गर्ने ।

(ख) मिति २०६७/०२/३० गते आइतबारको दिन सिद्धार्थनगर नगरपालिकाका कार्यकारी अधिकृत श्री भोजेन्द्र कुमार क्षेत्रीको अध्यक्षतामा सिद्धार्थनगर नगरपालिकामा रहेको होटल लाकौलमा बसेको अन्तरक्रिया कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरू, भू.पू. वडा अध्यक्षहरू, क्याम्पस प्रमुखहरू, स्थानीय बुद्धिजीवीहरूको उपस्थितिमा ए-नट आर्किटेक्चर एन आर्किटेक्टस्का टोली प्रमुख तथा सहरी योजनाविद् श्री बटुककृष्ण पराजुलीबाट आवधिक योजना निर्माणसम्बन्धी नेपाल सरकारको नीति, निर्देशन एवम् स्वीकृत निर्देशिकाबमोजिमको योजना निर्माण प्रक्रियाको सन्दर्भमा प्रस्तुतीकरण गरी प्रस्तुत जिज्ञासाहरूलाई समेत सम्बोधन गरिएको थियो । सो कार्यक्रममा नगरका समस्याहरू पहिचान समेत गरियो ।





**– मिति २०६७/०२/३० गते बसेको छलफल कार्यक्रम –**

(ग) मिति २०६७/०२/३१ गते सोमबारको दिन सिद्धार्थनगर नगरपालिकाका कार्यकारी अधिकृत श्री भोजेन्द्र कुमार क्षेत्रीको अध्यक्षतामा सिद्धार्थनगर नगरपालिकामा रहेको होटल लाकौलमा बसेको अन्तरक्रिया कार्यक्रममा वडा सचिवहरू, सरकारी कार्यालयका प्रतिनिधिहरूको उपस्थितिमा ए-नट आर्किटेक्चर एन आर्किटेक्टस्का टोली प्रमुख तथा सहरी योजनाविद् श्री बटुककृष्ण पराजुलीबाट आवधिक योजना निर्माण सम्बन्धी नेपाल सरकारको नीति, निर्देशन एवम् स्वीकृत निर्देशिकाबमोजिमको योजना निर्माण प्रक्रियाको सन्दर्भमा प्रस्तुतीकरण गरी प्रस्तुत जिज्ञासाहरूलाई समेत सम्बोधन गरिएको थियो । सो कार्यक्रममा नगरका समस्याहरू पहिचान समेत गरियो ।




**– मिति २०६७/०२/३१ गते बसेको छलफल कार्यक्रम –**

(घ) मिति २०६७/०३/०१ गते मंगलबारको दिन सिद्धार्थनगर नगरपालिकाका कार्यकारी अधिकृत श्री भोजेन्द्र कुमार क्षेत्रीको अध्यक्षतामा सिद्धार्थनगर नगरपालिकामा रहेको होटल लाकौलमा बसेको अन्तर्क्रिया कार्यक्रममा गैर-सरकारी संस्थाका प्रतिनिधिहरू, पत्रकारहरू, यातायात व्यवसायीहरूको उपस्थितिमा ए-नट आर्किटेक्चर एन आर्किटेक्टस्का टोली प्रमुख तथा सहरी योजनाविद् श्री बटुककृष्ण पराजुलीबाट आवधिक योजना निर्माण सम्बन्धी नेपाल सरकारको नीति, निर्देशन एवम् स्वीकृत निर्देशिकाबमोजिमको योजना निर्माण प्रक्रियाको सन्दर्भमा प्रस्तुतीकरण गरी प्रस्तुत जिज्ञासाहरूलाई समेत सम्बोधन गरिएको थियो । सो कार्यक्रममा नगरका समस्याहरू पहिचान समेत गरियो ।




**– मिति २०६७/०३/०१ गते बसेको छलफल कार्यक्रम –**

(ङ) मिति २०६७/०३/०२ गते बुधबारको दिन सिद्धार्थनगर नगरपालिकाको होटल पवन इन्टरनेसनलमा नगर भेला कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रममा सहरी विकास तथा भवन निर्माण विभाग/GTZ/UDLE का प्रतिनिधि श्री बन्दना शर्माबाट प्रस्तुतीकरणका साथसाथै सिद्धार्थनगर नगरपालिकाको योजना शाखा प्रमुख श्री शैलेन्द्रप्रसाद श्रेष्ठबाट ३ दिने अन्तर्क्रिया कार्यक्रमबाट पहिचान गरिएका समस्याहरूलाई प्रस्तुत गरियो । आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण एवम् निर्देशक (समन्वय) समिति गठनका लागि आयोजित नगर भेला कार्यक्रममा आवधिक योजना तर्जुमाको निर्देशिकामा व्यवस्था भएअनुरूप आवधिक योजना तर्जुमा गर्नका लागि आवश्यक प्रक्रियागत कार्यमा समन्वय एवम् निर्देशन गर्न तालिका नं.१.१ मा देखाए बमोजिम निर्देशक समितिको गठन गरिएको छ ।





– मिति २०६७/०३/०२ गते भएको नगरभेला कार्यक्रम –

**तालिका नं.१.१ निर्देशक समिति**

| क्र.सं. | विवरण | नाम | पद |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री भोजेन्द्रकुमार क्षेत्री | संयोजक |
| २. | एकीकृत ने.क.पा माओवादी | श्री उमेश खनाल | सदस्य |
| ३. | नेपाली कांग्रेस | श्री सुरेन्द्रजङ्ग थापा | सदस्य |
| ४. | ने.क.पा. एमाले | श्री उमा कापले | सदस्य |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | श्री इस्तियाक अहमद खाँ | सदस्य |
| ६. | मधेसी जन अधिकार फोरम (लोकतान्त्रिक) | श्री गौतम उपाध्याय | सदस्य |
| ७. | मधेसी जन अधिकार फोरम | श्री राममिलन यादव | सदस्य |
| ८. | तराई मधेस लोकतान्त्रिक पार्टी | श्री राजेश रंजन वर्मा (अजन वर्मा) | सदस्य |
| ९. | राष्ट्रिय जनशक्ति पार्टी | श्री मिलन बस्नेत | सदस्य |
| १०. | राष्ट्रिय जन मोर्चा | श्री हेमन्त दास कुर्मी | सदस्य |
| ११. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) | श्री चन्द्रबहादुर रोका | सदस्य |
| १२. | राष्ट्रिय जनमुक्ति पार्टी | श्री कृष्णबहादुर गुरुङ | सदस्य |
| १३. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) | श्री राम करण राव | सदस्य |
| १४. | नेपाल समता पार्टी | श्री सरस्वती थापा (मोहन सिंह राना) | सदस्य |
| १५. | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | श्री वरुण शमशेर राणा | सदस्य |


| | | | |
|---|---|---|---|
| १६. | सद्भावना पार्टी | श्री शीलसागर त्रिपाठी | सदस्य |
| १७. | नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) | श्री पल्टन चौधरी (थारु) | सदस्य |
| १८ | ने.स. पार्टी (आ.) श्यामसुन्दर समूह | श्री तुराव अली | सदस्य |
| १९. | बुद्धिजीवी, सह.प्रा.भैरहवा बहुमुखी क्याम्पस | डा. श्री गितु गिरी | सदस्य |
| २०. | क्याम्पस प्रमुख भैरहवा ब. क्याम्पस | डा. श्री कपिलदेव लामिछाने | सदस्य |
| २१. | उद्योग वाणिज्य सङ्घ (अध्यक्ष) | श्री महेन्द्रकुमार श्रेष्ठ | सदस्य |
| २२. | भू.पू. वडा अध्यक्ष | श्री राजेन्द्र पन्थी | सदस्य |
| २३. | राष्ट्रिय उद्योग व्यापार सङ्घ | श्री संजीव रोका | सदस्य |
| २४. | समाजसेवी | श्री ओमकार गौचन | सदस्य |
| २५. | समाजसेवी | श्री पुष्पाञ्जली उपाध्याय | सदस्य |
| २६. | रेयुकाई, सिद्धार्थनगर | श्री तिलकुमारी गुरुङ | सदस्य |
| २७. | बुद्धिजीवी | डा. शम्भुकुमार गुप्ता | सदस्य |
| २८. | पत्रकार | श्री टि.पी. भुसाल | सदस्य |
| २९. | सहरी विकास तथा भवन निर्माण विभाग, रूपन्देही प्रमुख | श्री रविन्द्र बोहरा | सदस्य |
| ३०. | खानेपानी संस्थान, प्रमुख | श्री ईश्वर भट्ट | सदस्य |
| ३१. | महिला विकास अधिकृत | श्री उषा रावल | सदस्य |
| ३२. | विद्युत् प्राधिकरण प्रमुख | | सदस्य |
| ३३. | जिल्ला प्राविधिक कार्यालय | श्री अख्तर हुसेन | सदस्य |
| ३४. | सडक विभाग प्रमुख | | सदस्य |
| ३५. | जिल्ला शिक्षा कार्यालय | श्री सुधीर पौडेल | सदस्य |
| ३६. | जन-स्वास्थ्य प्रमुख | श्री महेश्वर श्रेष्ठ | सदस्य |
| ३७. | सहप्रा., भैरहवा बहुमुखी क्याम्पस | डा. शंकरप्रसाद नेपाल | सदस्य |
| ३८. | नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन | श्री मनिषकुमार जोशी | सदस्य |
| ३९. | नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन | श्री शोभाकान्त नेपाल | सदस्य |
| ४०. | .... | श्री मोईनुल हक खाँ | सदस्य |
| ४१. | .... | श्री प्रेम सेन्चुरी | सदस्य |
| ३८. | सि.न.पा योजना महाशाखा प्रमुख | श्री शैलेन्द्रप्रसाद श्रेष्ठ | सदस्य सचिव |

आवधिक योजनाको कार्यक्रमलाई अगाडि बढाउनका लागि मिति २०६७/०४/२३ देखि २०६७/०४/३० सम्म वडा भेला कार्यक्रम सञ्चालन गरी यस नगरपालिकाको १३ वटै वडाहरूमा गई वडाबासीहरू समक्ष छलफल गरी वडाको समस्याहरू र ती समस्याहरूको शीर्षकअनुसार प्राथमिकीकरण गर्ने कार्य सम्पन्न गरियो । साथै दिनमा २ वटा वडामा छलफल कार्यक्रम गरी वडामा नै वडा सचिवको उपस्थितिमा वडाका समस्याहरूको SWOT विश्लेषण पनि सम्पन्न गरियो ।




**मिति २०६७/०४/२३ देखि २०६७/०४/३० गते सम्म भएको वडा भेला कार्यक्रम**

मिति २०६७/०६/०७ गते सिद्धार्थनगर नगरपालिकाको कार्यालयमा आवधिक योजना तर्जुमाको लागि गठित निर्देशक (समन्वय) समितिको संयोजक श्री भोजेन्द्रकुमार क्षेत्रीको अध्यक्षतामा निर्देशक समिति र परामर्शदाता संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा आयोजित बैठकमा परामर्शदाता संस्थाका टोली नेता एवम् योजनाविद् श्री बटुककृष्ण पराजुलीले हालसम्म सम्पन्न कार्य र विषयगत योजना तर्जुमा उप-समितिको बनावट र भूमिका बारे प्रस्तुतीकरण गरियो । उक्त प्रस्तुतिपश्चात् विषयगत योजना तर्जुमा उप-समिति, विज्ञ समूह र योजना टोलीको गठन गरियो (तालिका नं. १.२, १.३ र १.४) । त्यस पछि योजनाविद् श्री बटुककृष्ण पराजुलीद्वारा नै नगरको हालको अवस्था (नगर पार्श्वचित्र) को बारेमा प्रस्तुतीकरण गरी अन्तर्क्रिया कार्यक्रम गरियो ।





मिति २०६७/०६/०७ गते सम्पन्न भएको उप-समिति गठन कार्यक्रम

**तालिका नं.१.२ विषयगत योजना तर्जुमा उप-समिति**

| क्र.सं. | समितिको नाम | पदाधिकारीको नाम | पद |
|---|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास योजना समिति | श्री सुरेन्द्रजङ्ग थापा | संयोजक |
| | | श्री अख्तर हुसेन | विज्ञ |
| | | श्री संजीव रोक्का | सदस्य |
| | | श्री उमा काफ्ले | सदस्य |
| | | श्री राजेश रंजन वर्मा | सदस्य |
| | | श्री वरुण शमशेर राणा | सदस्य |
| | | श्री तुराव अली | सदस्य |
| | | श्री राम मिलन यादव | सदस्य |
| | | श्री ओमकार गौचन | सदस्य |
| | | श्री धन थापा | सदस्य |
| | | श्री योजना महाशाखा प्रमुख (सि.न.पा.) | सदस्य |
| २. | सामाजिक विकास योजना समिति | श्री कृष्णबहादुर गुरुङ | संयोजक |
| | | डा. श्री कपिलदेव लामिछाने | विज्ञ |
| | | श्री केदारनाथ शाह | सदस्य |
| | | श्री कमला थापा | सदस्य |
| | | आमन्त्रित | |
| | | श्री जिल्ला जन-स्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| | | श्री जिल्ला शिक्षा अधिकारी | सदस्य |
| | | श्री महिला विकास अधिकृत | सदस्य |
| | | श्री सामाजिक परिचालक (सि.न.पा.) | सदस्य |
| ३. | आर्थिक विकास योजना समिति | श्री शीलसागर त्रिपाठी | संयोजक |
| | | श्री तिलकुमारी गुरुङ | विज्ञ |

| | | | |
|---|---|---|---|
| | | श्री उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| | | श्री पल्टन चौधरी | सदस्य |
| | | श्री चन्द्र रोक्का | सदस्य |
| | | श्री श्रीराम गुप्ता | सदस्य |
| | | श्री श्री बहादुर कुँवर | सदस्य |
| | | श्री आर्थिक प्रशासन महाशाखा प्रमुख (सि.न.पा.) | सदस्य |
| ४. | संस्थागत विकास योजना समिति | डा. श्री शम्भुकुमार गुप्ता | संयोजक |
| | | डा. श्री गितु गिरी | विज्ञ |
| | | श्री सिद्धार्थ जेसिस, अध्यक्ष | सदस्य |
| | | श्री रेयुकाई, अध्यक्ष | सदस्य |
| | | श्री मोहन गुरुङ | सदस्य |
| | | श्री सिद्धार्थ सामुदायिक सेवा समाज वडा नं. ५, १२, १३ अध्यक्ष | सदस्य |
| | | श्री सामान्य प्रशासन महाशाखा प्रमुख (सि.न.पा) | सदस्य |
| ५. | वातावरण विकास योजना समिति | श्री मिलन बस्नेत | संयोजक |
| | | श्री नारायण सापकोटा | विज्ञ |
| | | श्री वातावरण बचाउँ आन्दोलन, अध्यक्ष | सदस्य |
| | | श्री हेमन्तदास कुर्मी | सदस्य |
| | | श्री टि.पी. भुसाल | सदस्य |
| | | श्री मासु व्यवसायी सङ्घ, अध्यक्ष | सदस्य |
| | | श्री सिद्धार्थ उद्योग व्यवसायी सङ्घ, महासचिव | सदस्य |
| | | श्री मिना थापा | सदस्य |
| | | श्री सुरेन्द्र क्षेत्री | सदस्य |
| | | श्री वातावरण तथा सरसफाइ शाखा प्रमुख (सि.न.पा.) | सदस्य |
| ६ | वित्तीय विकास योजना समिति | डा. श्री शंकरप्रसाद नेपाल | संयोजक |
| | | श्री गोविन्द रेग्मी | विज्ञ |
| | | श्री विजय गोविन्द श्रेष्ठ | सदस्य |

| | | | |
|---|---|---|---|
| | | श्री नारायण भण्डारी | सदस्य |
| | | श्री जिल्ला सहकारी कार्यालय, प्रमुख | सदस्य |
| | | श्री वित्तीय शाखा प्रमुख (सि.न.पा.) | सदस्य |
| ७ | जोखिम व्यवस्थापन योजना समिति | श्री सहरी विकास तथा भवन निर्माण विभाग प्रमुख (श्री रवीन्द्र बोहरा) | संयोजक |
| | | श्री जल उत्पन्न प्रकोप न्यूनीकरण कार्यालय प्रमुख (श्री सुशीलचन्द्र आचार्य) | विज्ञ |
| | | श्री जिल्ला रेडक्रस, अध्यक्ष | सदस्य |
| | | पूर्व डि.एस.पी श्री घनेन्द्रविक्रम पाण्डेय | सदस्य |
| | | श्री रामदयाल गुप्ता | सदस्य |
| | | श्री जोखिम व्यवस्थापन Focal person (सि.न.पा.) | सदस्य |

**तालिका नं.१.३ : विज्ञ समूह**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री अख्तर हुसेन | विज्ञ, भौतिक विकास योजना समिति |
| २. | डा. श्री कपिलदेव लामिछाने | विज्ञ, सामाजिक विकास योजना समिति |
| ३. | डा. श्री गितु गिरी | विज्ञ, संस्थागत विकास योजना समिति |
| ४. | नारायण सापकोटा | विज्ञ, वातावरण विकास योजना समिति |
| ५. | तिलकुमारी गुरुङ | विज्ञ, आर्थिक विकास योजना समिति |
| ६. | गोविन्द रेग्मी | विज्ञ, वित्तिय विकास योजना समिति |
| ७. | सुशीलचन्द्र आचार्य | विज्ञ, जोखिम व्यवस्थापन योजना समिति |

**तालिका नं.१.४ : योजना टोली**

| क्र.सं. | नाम | पद, संस्था |
|---|---|---|
| १. | श्री शैलेन्द्रप्रसाद श्रेष्ठ | योजना महाशाखा प्रमुख, सिद्धार्थनगर नगरपालिका |
| २. | श्री विवेककुमार खनाल | सामान्य प्रशासन महाशाखा प्रमुख, सिद्धार्थनगर नगरपालिका |
| ३. | श्री गणेशबहादुर क्षत्री | आर्थिक प्रशासन महाशाखा प्रमुख, सिद्धार्थनगर नगरपालिका |
| ४. | श्री यमलाल पाण्डेय | जोखिम व्यवस्थापन Focal Person, सिद्धार्थनगर नगरपालिका |
| ५. | श्री शेखरनाथ पन्थी | वातावरण तथा फोहर-मैला शाखा प्रमुख, सिद्धार्थनगर नगरपालिका |
| ६. | श्री जितेन्द्रकुमार श्रेष्ठ | सामाजिक परिचालक, सिद्धार्थनगर नगरपालिका |
| ७. | श्री रामप्रसाद वि.क. | वित्तिय शाखा प्रमुख, सिद्धार्थनगर नगरपालिका |
| ८. | श्री बटुककृष्ण पराजुली | ए-नट आर्किटेक्चर एन आर्किटेक्टस्, टोली नेता |

## १.६.२ दीर्घकालीन सोच निर्धारण

(क) मिति २०६७/०६/०७ र १९ गते आयोजित आवधिक योजना भिजन तयारी कार्यशालाको पहिलो दिन सि.न.पा.को दीर्घकालीन योजना तर्जुमा समन्वय समितिका संयोजक एवम् कार्यकारी अधिकृत श्री भोजेन्द्रकुमार क्षेत्रीको अध्यक्षतामा बसेको बैठकमा उपस्थित निर्देशक समितिको सदस्यहरू, विज्ञहरू र नगरपालिकाका कर्मचारीहरूद्वारा विभिन्न विषयमा सोचहरू प्रस्तुत गरी छलफल गरिएको छ । यसअनुसार अग्रणी क्षेत्रहरूको पहिचानको लागि “व्यापार”, “पर्यटन”, “उद्योग”, “कृषि” र “शिक्षा” विषयमा विशद छलफल गरिएको थियो । सो बैठकमा नगरको वस्तुस्थिति विवरण, वडा भेला तथा विभिन्न स्तरमा भएको छलफल एवम् परामर्शको आधारमा सि.न.पा.का समस्या/सवालहरू तथा चुनौती र विकासका अवसरहरूको पहिचान पनि गरिएको थियो । साथै, दीर्घकालीन सोचहरू समेत प्रस्तुत गरिएको थियो । उक्त दिन छलफल कार्यक्रम कुनै निष्कर्षमा नटुङ्गिएको थियो ।





– नगरको वस्तुचित्र प्रस्तुतीकरण तथा नगरको अग्रणी क्षेत्र पहिचान गर्ने कार्यशाला गोष्ठी –

(ख) दोस्रो दिन अर्थात् मिति २०६७/०६/१९ गतेका दिन बसेको २५ वर्षे "भिजन तयारी कार्यशाला" बैठकमा ए-नट आर्किटेक्चर एन आर्किटेक्टस्का टोली प्रमुख एवम् योजनाविद् श्री बटुककृष्ण पराजुलीले दीर्घकालीन सोच पहिचानको लागि सम्भावित अग्रणी क्षेत्रहरूको बारेमा प्रस्तुतीकरणद्वारा सम्पूर्ण निर्देशक समिति, विषयगत उप-समिति, विज्ञ टोली एवम् योजना टोलीहरूलाई पहिचानको लागि छलफल कार्यक्रमको लागि प्रोत्साहन गरिएको छ । छनौट भएका पाँचवटा शीर्षकहरूको सम्बन्धमा वृहत् छलफल भई नगरको समग्र विकासलाई प्रतिबिम्बित हुने गरी दीर्घकालीन सोच पारित गरी सोको आधारमा आवधिक योजना तर्जुमा कार्यक्रम निर्देशित गर्ने निर्णय गरियो । वडाबाट प्राप्त समस्याहरू सम्पूर्ण समिति र उप-समितिहरूमा प्रस्तुत समेत गरिएको थियो । छलफल कार्यक्रममा अध्ययन टोलीद्वारा आवधिक योजना तर्जुमा सम्बन्धी अद्यावधिक प्रगतिको बारेमा जानकारी प्रदान गरिएको थियो ।





– सिद्धार्थनगर नगरपालिकाको ५ वर्षे दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठी –

## १.६.३ अग्रणी क्षेत्रहरूको पहिचान

(क) मिति २०६७/०६/१९ गतेको दिन सि.न.पा.का निमित्त कार्यकारी अधिकृत एवम् योजना महाशाखा प्रमुख श्री शैलेन्द्रप्रसाद श्रेष्ठको अध्यक्षतामा विषयगत योजना तर्जुमा उप-समितिका सदस्यहरू, निर्देशक समितिका सदस्यहरू, विज्ञ टोली, योजना टोली एवम् शाखा प्रमुखहरूको उपस्थितिमा आयोजित नगरस्तरीय भेला एवम् कार्यशाला गोष्ठीमा हाल सम्म प्राप्त भएको तथ्याङ्क विवरण प्रस्तुत भई छलफल हुनाका साथै अग्रणी क्षेत्र (शिक्षा, पर्यटन, कृषि, स्वास्थ्य, उद्योग, व्यापारलगायत क्षेत्र) पहिचानको लागि समूह निर्माण गरियो । समूहगत अग्रणी क्षेत्रको विवरण र नगरस्तरीय योजनाको सम्बन्धमा वृहत् छलफल गरी प्रस्तुत गरिएका अग्रणी क्षेत्र, सहायक क्षेत्र, प्रमाणित गर्ने आधार, सबल र दुर्बल पक्ष समेतको अध्ययन भई निम्नअनुसारका अग्रणी क्षेत्र पहिचान गरी आवधिक योजनाको कार्यक्रम परिलक्षित गर्ने र नगरस्तरीय योजना समेत स्तरीकृत गर्ने निर्णय गरियो :

**अग्रणी क्षेत्रहरू : (क) पर्यटन उद्योग व्यापार**

**(ख) शिक्षा**

(ख) योजना तयारी कार्यशाला : मिति २०६७/०४/२३देखि २०६७/०४/३०सम्म यस नगरपालिकाको १३ वटै वडाहरूमा गई विभिन्न सरोकारवालाहरू, प्रतिष्ठित व्यक्ति, दलित, महिला, सुकुम्बासी जस्ता सीमान्तकृत

वर्गलगायत स्थानीय समाजसेवी वडाबासीहरू समक्ष छलफल गरी वडाका समस्याहरू र ती समस्याहरूको शीर्षकअनुसार प्राथमिकीकरण गर्ने कार्य वडा भेलाद्वारा सम्पन्न गरियो । साथै दिनमा २ वटा वडामा छलफल कार्यक्रम गरी वडामा नै वडा सचिवको उपस्थितिमा वडाका समस्याहरूको SWOT विश्लेषण पनि सम्पन्न गरियो ।

(ग) वडा भेलाबाट छनौट भई आएका समस्याहरूलाई छुट्टा-छुट्टै विषयगत योजना उप-समितिमा पेस गरी योजना तर्जुमा गर्नको लागि मिति २०६७/०७/१४ र १५ गते विषयगत योजना उप-समितिहरूको भेला गरिएको छ । उक्त भेलामा वडा भेलाबाट आएको समस्याहरू उप-समिति समक्ष प्रस्तुत गरी उक्त समस्याहरूको आधारमा नै योजना तर्जुमा गरियो । साथै नगरका प्रमुख समस्याहरू र उक्त समस्या समाधानका उपायहरूबारे पनि छलफल गरी योजनामा समावेश गरियो ।





– वडाबाट आएका समस्याहरूलाई मध्यनगर गरि विषयगत उपसमितिद्वारा नगरपालिकाको योजना तर्जुमा गर्दै –

(घ) विषयगत क्षेत्रहरूसँग सम्बद्ध समस्या, सवाल र चुनौती/अवसरहरूका विषयमा सम्बन्धित विषयगत समितिहरूमा छलफल गरी योजनाहरू तयार गरेपछि मिति २०६७/०७/१७ गते निर्देशक समितिको भेला आयोजना गरियो । उक्त भेलामा विषयगत उप-समितिद्वारा तयार पारिएको योजनाहरू निर्देशक समिति समक्ष प्रस्तुत गरी योजनाको बारेमा छलफल गरी योजनाहरूलाई अन्तिम रूप दिइयो । साथै नगरमा हाल देखिएका प्रमुख समस्याहरू र भविष्यमा देखिन सक्ने सम्भावित समस्याहरूको बारेमा विस्तृत छलफल गरी आवधिक योजनामा समावेश गरियो ।





– विषयगत उपसमितिद्वारा प्रस्तावित कार्यक्रमहरूको निर्देशक समितिमा छलफल कार्यशाला गोष्ठी –

## १.७ तथ्याङ्क सङ्कलन तथा विश्लेषण

(क) अध्ययनको क्रममा विभिन्न पुस्तक, लेख, अनुसन्धानात्मक कृतिहरू, सि.न.पा.का वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, आवधिक योजना तर्जुमा सम्बन्धी निर्देशिका, योजना मापदण्ड, सि.न.पा.को भौतिक विकास योजना प्रतिवेदन, एकीकृत कार्यमूलक योजना (IAP: Integrated Action Plan) प्रतिवेदन, टोपोग्राफिक नक्साहरू, आदिको सङ्कलन तथा अध्ययन गरिएको छ ।

(ख) योजना तर्जुमाको लागि प्राथमिक तथा द्वितीय तहको तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । विषयगत तथ्याङ्क सङ्कलन गर्न टोलीले सि.न.पा.मा विभिन्न सरकारी, अर्ध-सरकारी, सामाजिक संस्थाहरू र अन्य निकायहरूका प्रतिनिधिहरू, व्यक्तिहरूसँग छलफल गरी सामाजिक, आर्थिक, सांस्कृतिक एवम् पूर्वाधार, वातावरणीय, संस्थागत एवम् वित्त सम्वन्धि तथ्याङ्क सङ्कलन र विविध जानकारी लिइएको छ ।

शाखा तथ्याङ्क कार्यालयको सहयोगमा सर्वेक्षण प्रश्नावलीको प्रयोगद्वारा तथ्याङ्क संगणनाको आधारमा प्राथमिक तहको तथ्याङ्क सङ्कलन तयार गरिएको छ ।

(ग) सि.न.पा.मा भू-उपयोग तथा पूर्वाधारहरू (सडक, खानेपानी, वर्षो ढल, विद्युत् र दूर-सञ्चार) सम्बन्धी वर्तमान स्थिति प्रस्ट देखिने नक्साहरू तयार गरिएका छन् ।

## १.८ नगरको वस्तुस्थिति विवरण

प्राप्त सूचना एवम् तथ्याङ्कको विश्लेषणको आधारमा नगरको वस्तुस्थिति विवरण तयार पारिएको छ ।

## १.९ लगफ्रेममा आधारित प्रारम्भिक योजना तथा कार्यक्रमको पहिचान, छनौट एवम् लागत अनुमान

(क) लगफ्रेम वा तर्कबद्ध प्रणाली (Logical/Log Framework) मा आधारित विषयगत क्षेत्रका विकास योजनाहरू तथा बहुक्षेत्रगत लगानी कार्यक्रम (MSIP:Mutil-Sectoral Investment Program) मस्यौदा सम्बन्धित उप-समितिहरू र निर्देशक समितिमा प्रस्तुतीकरण तथा सुझावहरू सङ्कलन गरिनेछ । यसअनुसार निम्न योजनाहरू तथा तिनसँग सम्बन्धित कार्यक्रमको पहिचान गरिनेछ ।

- भौतिक पूर्वाधार विकास योजना
- वातावरणीय व्यवस्थापन योजना
- सामाजिक विकास योजना
- आर्थिक विकास योजना
- संस्थागत विकास योजना
- वित्त विकास योजना
- जोखिम व्यवस्थापन योजना

विषयगत क्षेत्रका विकास योजनाहरू तथा बहुक्षेत्रगत लगानी कार्यक्रमको मस्यौदा उपर विज्ञ टोली एवम् योजना टोली सदस्यहरूको सहभागितामा सम्भाव्य योजना/कार्यक्रमहरूको छनौट तथा लागत अनुमान तयार पारिनेछ ।

(ख) भौतिक विकास योजनाअन्तर्गत निम्न योजनाहरू समाविष्ट छन् :

- सहरी विस्तार क्षेत्र
- भू-उपयोग क्षेत्र

- जग्गा विकास योजना

## १.१० आवधिक योजनाको दस्तावेज तयारी

आवधिक योजना टोलीबाट प्रस्तावका रूपमा तयार भएको विषयगत उद्देश्य हासिल गर्न लगफ्रेममा आधारित विषयगत योजनाहरू, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीतिहरूलाई सहभागितात्मक अन्तिम कार्यशालामा प्रस्तुत गरी प्राप्त सुझावहरूको आधारमा मस्यौदा प्रतिवेदनलाई परिष्कृत गरी अन्तिम प्रतिवेदन तयार पारिन्छ । अन्तिम कार्यशालाबाट योजनाका लागि थप सुझाव प्राप्त हुनुका साथै योजना कार्यान्वियनको लागि अपनत्वको भावना (Ownership) पैदा भई सामूहिक प्रतिबद्धता समेत प्राप्त हुने अपेक्षा राख्न सकिन्छ ।

## १.११ आवधिक योजनाको स्वीकृति कार्यान्वयन (वार्षिक योजना तर्जुमा) एवम् मध्यावधि मूल्याङ्कन

(क) आवधिक योजनाको मस्यौदा नगरपालिका बोर्डमा आवश्यक छलफल गरी स्वीकृत गर्ने प्रावधान छ । यसरी स्वीकृत भइसकेपछि स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय तथा सहरी विकास तथा भवन निर्माण विभागको सुझाव लिनु पर्दछ । सुझाव प्राप्त भएमा सो समेत संलग्न गरी नगर परिषद् समक्ष प्रस्तुत गरिनु पर्दछ । नगरपालिकाको आवधिक योजना नगर परिषद्बाट स्वीकृत भएपछि अन्तिम भई लागू हुनेछ । आवधिक योजनाको स्वीकृतिपछि सम्बद्ध मन्त्रालय र विभागहरूमा जानकारी पठाउनु पर्नेछ ।

(ख) आवधिक योजना तयार भइसकेपछि त्यसको आधारमा वार्षिक योजना तयार गरी कार्यान्वियन गर्दै जानु पर्दछ । योजना अवधिमा हासिल गर्न चाहेको लक्ष्य पूरा गर्न आवधिक योजनालाई वार्षिक योजनामा समावेश गर्न निम्नअनुसार गर्नु पर्दछ :

### (१) आवधिक र वार्षिक योजनाबीचको तालमेल

आवधिक योजनाले लक्षित गरेका सूचकहरू प्राप्त गर्न सोही अनुसारको वार्षिक योजना तथा कार्यक्रम तयार गर्नु पर्दछ । यसको लागि आवधिक योजनामा उल्लेख गरिएका मुख्य-मुख्य योजना तथा कार्यक्रमलाई आधार मान्नु पर्दछ । वार्षिक कार्यक्रम तयार गर्दा आवधिक योजनाले अङ्गीकार गरेको अग्रणी क्षेत्रलाई अनुसरण गर्नु पर्दछ ।

### (२) विस्तृत सम्भाव्यता अध्ययन

आवधिक योजना अवधिमा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरूको छनौट गर्ने, तिनको लागत अनुमान तयार गर्ने र ती योजनाहरू नगर क्षेत्रमा सञ्चालन गर्न सकिने नसकिने विषयमा प्रारम्भिक सम्भाव्यता अध्ययन समेतको कार्य आवधिक योजना तयारी गर्ने समयमा गठित योजना टोलीबाट गरिसकिएको हुन्छ । ती योजनाहरूलाई वार्षिक रूपमा नगरपालिकाको बजेट कार्यक्रममा समावेश गरी सकेपछि कार्यान्वियनको तयारी गर्नु पर्दछ । कार्यक्रम/आयोजना कार्यान्वियन गर्ने क्रममा ठूला योजनाहरूको हकमा विस्तृत सम्भाव्यता अध्ययन नै गर्नु पर्दछ जसको लागि प्राविधिक उपयुक्तता र राजनीतिक प्रतिबद्धताका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ११३ मा गरिएको व्यवस्थालाई मध्यनजरमा राख्नु पर्दछ ।

### (३) लागत अनुमान तयारी

वार्षिक योजनामा समावेश भएका आयोजना/कार्यक्रमहरू कार्यान्वियन गर्ने चरणमा ती आयोजनाहरूको सम्भाव्यता अध्ययन समेत भइसकेपछि विस्तृत लागत अनुमान तयार गर्नु पर्दछ । यसको लागि नक्सा र डिजाइन बनाई जिल्लाको स्वीकृत दररेटलाई आधार मान्नुपर्ने हुन्छ । सार्वजनिक निर्माण

निर्देशिकालाई पनि उपयोगमा ल्याउनु पर्दछ । लागत अनुमान तयार गरेर स्थानीय निकाय (आर्थिक प्रशासन) सम्बन्धी नियमालवली, २०५६ को नियम २२ले तोकेको अधिकारीबाट स्वीकृत भए पश्चात् योजनाको कार्यान्वियन प्रक्रिया प्रारम्भ हुन्छ ।

**(४) वार्षिक योजना**

नगरपालिकाले वार्षिक योजना तयार गर्दा आवधिक योजनाले निर्धारण गरेको सीमाभन्दा बाहिर जानु हुँदैन । आयोजना/कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले वार्षिक बजेट पारित गरेरमात्र पुग्दैन । आयोजना/कार्यक्रमहरू सञ्चालन गर्न कुन समयबाट सुरु गर्ने हो ? के के क्रियाकलापहरू कुन समयावधिभित्र सम्पन्न गरिने हो सो विषयहरू स्पष्ट हुने गरी कार्य योजना बनाउनु पर्दछ । आयोजना सञ्चालन गर्दा कार्ययोजना अनुसार खर्च हुने रकमको विवरण आर्थिक प्रशासन प्रमुखलाई उपलब्ध गराउनु पर्दछ । यसै गरी आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वियनका लागि नगद प्रवाह विवरण तयार गरी खर्च र आम्दानीलाई स्पष्ट गरी राख्नु पर्दछ ।

**(५) योजना सञ्चालन तथा मर्मत-सम्भार योजना**

योजनाको सञ्चालन पूर्व गरिनु पर्ने सम्भाव्यता अध्ययन, लागत अनुमान तयारी, कार्य योजना र नगद प्रवाहसमेतका कार्यहरू गरिसकेपछि लागत अनुमान अधिकार प्राप्त अधिकारी (कार्यकारी अधिकृत/प्रमुख/नगरपालिका बोर्ड)बाट स्वीकृत गराई ठेक्का, अमानत, उपभोक्ता, गै.स.स. आदिद्वारा उपयुक्त योजनाहरू सञ्चालन गर्नु पर्दछ । योजना सञ्चालनको कार्य योजना तयार गर्दा नै उक्त योजना सम्पन्न गरिसकेपछि गरिने मर्मत-सम्भारको पनि कार्य योजना तयार गर्नु पर्दछ ।

(ग) नियमित रूपमा गरिने आयोजनाको अनुगमन र मूल्याङ्कनको अतिरिक्त मध्यावधि मूल्याङ्कन हुनु आवश्यक छ । आवधिक योजनाको कार्यान्वियन भएपछि समग्र रूपमा आवधिक योजनाले भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरणीय आदि विविध पक्षमा परेको असर र प्रभावहरूको बारेमा स्वतन्त्र रूपमा मध्यावधि मूल्याङ्कन गर्नु पर्दछ किनकि आवधिक योजनाको बाँकी आवधिलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा मध्यावधि मूल्याङ्कनले मार्गनिर्देशन गर्न सहयोग पुर्‍याउछ । त्यसैले आवधिक योजना कार्यान्वियनको सामान्यतया तेस्रो वर्षमा स्वतन्त्र पेसाविद् र मूल्याङ्कनकर्ता समेत रहेको टोलीबाट मध्यावधि मूल्याङ्कन गराइनु पर्दछ । मध्यावधि मूल्याङ्कनको कार्यटोली निर्धारण गर्ने र जिम्मेवारी दिने कार्य सम्बन्धित नगरपालिकाले तय गर्नु पर्दछ ।

(घ) योजना तर्जुमा भन्दा योजनाको कार्यान्वियन धेरै कठिन हुन्छ । योजना तर्जुमा अवधिमा निर्धारण भएका विचारहरू व्यवहारमा परिणत गर्दा कठिनाई र अवरोधहरू देखिन सक्छन् । त्यसैले आइपर्ने बाधा अड्चन फुकाउन देहा बमोजिमका ऐन नियमको सहयोग लिनु पर्दछ :

- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- स्थानीय स्वायत्त शासन नियमावली, २०५६
- स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६
- नगर विकास ऐन, २०४५
- वातावरण संरक्षण ऐन, २०५३
- वातावरण संरक्षण नियमावली, २०५४

बाधाअड्चन फुकाउने क्रममा आवधिक योजनालाई संशोधन र परिमार्जन गर्नु पर्ने अवस्था आउन सक्दछ । त्यसैले संशोधन तथा परिमार्जन गर्नको लागि नगरपालिकाले महसुस गरेमा पेसाविद् र विशेषज्ञहरूको टोलीद्वारा संशोधन तथा परिमार्जन गरी स्थानीय विकास मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालयका साथै राष्ट्रिय योजना आयोगमा पठाउनु पर्नेछ । त्यसबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी संशोधित तथा परिमार्जित आवधिक योजना तयार गरी नगर परिषद्बाट स्वीकृत गराउनु पर्दछ ।

×××